पोखरा उपत्यका साइडसिन घुम्न जाऔं

घुमाउने ठाउँहरू

बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्युटावर, चमेरे गुफा, बिन्ध्यवासिनी मन्दिर, माउन्टेन म्युजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय बिहान ९:३० बजे



सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स

061-544439, 589012, 9856051659 9856034631, 9856082622



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १०१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख ११ गते बिहीबार ❑ 24 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई चलायमान हुनबाट रोक्ने र बदनाम नगर्न पर्यटन व्यवसायीको माग

दीननाथ बराल
पोखरा, १० बैशाख

पोखराका पर्यटन व्यवसायीहरुको छाता संस्था पोखरा पर्यटन परिषदले पोखरा अन्तराष्ट्रिय विमानस्थललाई चलाएमान हुनबाट रोक्ने र पोखराको बदनाम नगर्न माग गरेको छ।

गण्डकी प्रदेशको पर्यटकीय र आर्थिक मेरुदण्डको रुपमा रहेको पोखरा अन्तराष्ट्रिय विमानस्थलको सम्बन्धमा पछिल्लो समयमा आएका विभिन्न विषयहरु प्रति आफ्नो गम्भिर ध्यानाकर्षण भएको परिषदले उल्लेख गर्दै पोखरा अन्तराष्ट्रिय विमानस्थललाई चलायमान हुनबाट रोक्ने र पोखराको बदनाम नगर्न आग्रह गरेको हो। कुनै पनि प्रकारका निर्माण कार्यमा हुने भ्रष्टाचारमा शुन्य सहनशिलताको नीति लागु हुनु पर्छ भन्नेमा परिषद दृढ रहेको दाबी गर्दै यदि कहि कतै भष्ट्राचार भएको छ भने यथाशिघ्र निश्पक्ष रुपमा छानविन गर्न समेत परिषदले सबै पक्षसँग माग गरेको परिषदका अध्यक्ष तारानाथ पहारीले बताउनुभयो। तर विभिन्न बाहानामा पोखरा अन्तराष्ट्रिय विमानस्थललाई चलाएमान बनाउन बाट रोक्ने र पोखराको बदनाम हुने गरी गरिने गतिविधि तथा क्रियाकलापहरु तत्काल रोक्न आफुहरुले जोडदार माग गरेको उहाँले जनाउनु भयो। पोखरा अन्तराष्ट्रिय विमानस्थललाई नियमित उडानका साथ पूर्ण रुपमा सञ्चालन गर्न निजी क्षेत्र एक भएर अगाडि बढिरहेको सन्दर्भमा राज्यबाट पनि सोहि प्रकारको साथ र सहयोगको अपेक्षा गरिएको अध्यक्ष पहारीले जनाउनु भयो। पोखरा विमानस्थल करिब २३ अर्बको ऋण सहायतामा निर्माण भएको हो। पोखरा अन्तराष्ट्रिय विमानस्थल निर्माण गर्न पोखराका पर्यटन व्यवसायीहरुले विगतमा गरेका विभिन्न पहल कदम पश्चात २०७९ पौष १७ गते निमार्ण सम्पन्न भई विमानस्थल संचालनमा आएको थियो। यद्यपी दुई २ बर्ष २ महिना पछि पोखरा चिनको छेन्दुमा सिचुवान एअरलाइन्सले व्यवसायीक चार्टर्ड उडान सुरु भएको छ भने हिमालयन एअरलाइन्सले तिब्बतको ल्हासा देखि पोखरामा साप्ताहिक रुपमा व्यवसायीक उडान सुरु गरेको छ।

२०८१ चैत्र ५ गतेका दिन ऐतिहासिक पहिलो व्यवसायीक उडान पोखरावाट १२६ जना यात्रु लिई चिनको छेन्दु अवतरण गरेको र तत् पश्चात हाल साप्ताहिक रुपमा सिचुवान एअरले पोखरा (छेन्दु एक उडान र हिमालयन एअरलाईन्सले पोखरा ( ल्हासा साप्ताहिक रुपमा एक उडान गरिरहेको छ। पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट अन्तराष्ट्रिय उडान आकर्षित हुदै गैरहेको वर्तमान अवस्थालाई छायाँमा पार्ने गरी भैरहेका समग्र पोखराको वदनामी गर्ने किसिमका क्रियाकलाप प्रति परिषदले ध्यान गम्भीर रुपमा आकृष्ट भएको जनाएको छ। पोखरा विमानस्थल निर्माणमा करिब १० अर्ब रुपैयाँ अनियमितता भएको भनि केही दिन अघि सार्वजनिक गरिएको छ। पोखरा विमानस्थलका सम्बन्धमा छानबिन गरिरहेको संसदीय सार्वजनिक लेखा समितिको उपसमितिले संसदको सार्वजनिक लेखा समितिमा निष्कर्षसहित प्रतिवेदनको मस्यौदा तयार पेश गरेको हो। प्रतिवेदनमा ११ वटा शीर्षकमा अनियमितता भएको उल्लेख गरेको छ। राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन संयोजकत्वको उपसमितिले उक्त प्रतिवेदन तयार पारेको हो।

## भारतीय विद्युत्मन्त्रीद्वारा मुक्तिनाथमा पूजार्चना



रासस
मुस्ताङ, १० बैशाख

भारतका विद्युत् तथा आवासमन्त्री मनोहरलाल खट्टरले बुधबार बिहान मुक्तिनाथ मन्दिरमा पूजार्चना गर्नुभएको छ। उहाँका साथ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले पनि मुक्तिनाथको पूजार्चना गर्नुभयो।

मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालका अनुसार दुवै देशका ऊर्जामन्त्रीका साथ नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तव र १६ सदस्यीय टोली मुस्ताङ आएको हो। टोलीलाई मुक्तिनाथका पुजारी कृष्णप्रसाद सुवेदीले टीका र प्रसाद प्रदान गर्नुभएको थियो।

त्यसअघि उक्त टोलीलाई प्रमुख जिल्ला अधिकारी भुसालसहित जिल्लास्थित सुरक्षा निकायका प्रमुख तथा जनप्रतिनिधिहरूले स्वागत गर्नुभएको थियो।

## शिक्षामन्त्रीमा पन्त नियुक्त

रासस
काठमाडौं, १० बैशाख

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीमा नेकपा एमालेका नेता रघुजी पन्त नियुक्त हुनुभएको छ।

उहाँलाई प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिशमा बुधबार राष्ट्रपति रामचन्द्र पौडेलले नियुक्त गर्नुभएको हो। यसअघिका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री



विद्या भट्टराईले स्वास्थ्यको कारण देखाउँदै यही वैशाख ८ गते राजीनामा दिनुभएपछि पन्तलाई शिक्षामन्त्रीमा नियुक्त गरिएको हो।

नव नियुक्त शिक्षामन्त्री पन्त नेकपा एमालेका तर्फबाट समानुपातिक प्रणालीबाट निर्वाचित सांसद हुनुहुन्छ। उहाँ हाल प्रतिनिधिसभा राज्य व्यवस्था समितिको सदस्यको जिम्मेवारीमा हुनुहुन्छ। उहाँको पद तथा गोपनीयताको सपथ बिहीबार हुने बताइएको छ।

## 'मातृ मृत्युदर घटाउन सेवा र निगरानीको पहुँच पुऱ्याउनुपर्छ'

पोखरापत्र संवाददाता
पोखरा, १० बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मातृ मृत्युदर र आत्महत्या घटाउन प्रदेश सरकारले उच्च प्राथमिकता दिएको जानकारी दिनुभएको छ।

राष्ट्रिय महिला आयोगद्वारा बुधबार पोखरामा आयोजित 'लैङ्गिक न्याय सम्बन्धमा स्थानीय सरकारका न्यायिक समितिसँग प्रदेशस्तरीय अन्तर्क्रिया' कार्यक्रममा उहाँले अन्य प्रदेशको तुलनामा मातृ मृत्युदर गण्डकी प्रदेशमा बढी रहेको उल्लेख गर्नुभयो। मातृ मृत्युदर न्यूनीकरण गर्न गर्भवती र सुत्केरीको लागि विशेष स्वास्थ्य सेवा र निगरानीको पहुँच पुऱ्याउन प्रदेश सरकार लागि परेको उहाँको भनाइ थियो।



"गण्डकी प्रदेशमा औसतमा दैनिक एकदेखि तीन जनासम्मले आत्महत्या गर्ने गरेको पाइएको छ, जसमा महिलाको सङ्ख्या ६० देखि ७० प्रतिशतसम्म छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "आत्महत्या न्यूनीकरणका लागि प्रहरीसँग मिलेर समुदायस्तरमा सचेतना र मनोपरामर्शका कार्यक्रम सञ्चालन गरिरहेका छौँ।" उहाँले आकस्मिक उपचारका लागि गर्भवती तथा सुत्केरीलाई हेलिकप्टरबाट उद्धार गर्ने प्रबन्ध प्रदेश सरकारले मिलाएको र ग्रामीण भेगमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न प्रदेश सरकारले लगानी केन्द्रित गरेको छ भन्नुभयो। स्थानीय तहमा रहेका न्यायिक समितिको क्षमता विकासमा पनि प्रदेश सरकार संवेदनशील रहेको उहाँले बताउनुभयो। पोखरा महानगरपालिकाबाहेक प्रदेशका ८४ वटै स्थानीय तहका न्यायिक समितिलाई न्याय निरुपणमा सहज होस् भनेर प्रदेश सरकारले कानुनी सहजकर्ता पठाउन सुरु गरेको मुख्यमन्त्री पाण्डेले बताउनुभयो।

"६५ वटा स्थानीय तहमा कानुनी सहजकर्ता नियुक्त भइसक्नुभएको छ, अन्य स्थानीय तहमा नियुक्तिको प्रक्रिया अगाडि बढेको छ", उहाँले भन्नुभयो, "प्रदेश सरकारले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमार्फत न्यायिक समितिका प्रमुख र पदाधिकारीहरूलाई क्षमता विकास तालिम पनि दिँदै आएको छ।" मुख्यमन्त्री पाण्डेले कानुनले दण्डित गरे पनि महिला हिंसाका घटनामा सोचेजसरी कमी नआएको बताउनुभयो। "महिले पनि समाजमा महिलामाथि हिंसा र विभेदका घटना हुने गरेका छन्, कतिपय घटना त बाहिर सार्वजनिकसमेत हुँदैनन्", उहाँले भन्नुभयो, "महिला अधिकारको रक्षा र लैङ्गिक हिंसा अन्त्यका लागि सबै पक्ष एकजुट भएर लाग्नुपर्छ।"

## भारतीय विद्युतमन्त्रीको दुईदिने नेपाल भ्रमण सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १० बैशाख

भारतका विद्युत्, आवास तथा सहरी मामिलामन्त्री मनोहरलाल खट्टर दुईदिने नेपाल भ्रमण सकेर बुधबार साँझ स्वदेश फर्कनुभएको छ।

मन्त्री खट्टरको भ्रमणले नेपाल-भारतबीचको ऊर्जा सहकार्यलाई नयाँ गति दिएको छ। नेपालमा उत्पादित विद्युत् निकासीका लागि भारतसँग अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्ने द्विपक्षीय सम्झौताले नेपाललाई सहयोग पुगेको छ।

प्रसारण लाइनको अभावमा नेपालमा उत्पादित विद्युत्



खेर जानसक्ने चिन्ताकाबीच भारतसँग ४०० केभी क्षमताका अन्तर्देशीय दुई प्रसारणलाइन निर्माणका लागि सम्झौता हुनु ऐतिहासिक कदम मानिएको छ।

सम्झौतासँगै अब बन्ने इनरुवा-न्यु पूर्णिया प्रसारण लाइनमा नेपालतर्फ २५ किलोमिटर र भारततर्फ १०० किलोमिटर दूरी रहनेछ भने दोधारा-बरेली प्रसारण लाइन नेपालतर्फ करिब ३५ र भारततर्फ १५० किलोमिटर रहनेछ। यी प्रसारण संरचनाले भारत-नेपाल विद्युत् कारोबारलाई सहज बनाउँदै ऊर्जा प्रवाहलाई भरपर्दो बनाउने आशा गरिएको छ। दुई देशबीच भएको सम्झौतामा नेपालको पूर्वी क्षेत्रमा उत्पादित विद्युत् इनरुवा-न्यु पूर्णिया अन्तरदेशीय प्रसारणलाइनबाट भारतसहित तेस्रो मुलुक बङ्गलादेशसम्म बिक्री गर्ने बाटो खुल्नेछ।

नेपालको दोधारा र भारतको बरेली प्रसारण लाइन निर्माणपछि नेपालको पश्चिम क्षेत्रमा उत्पादित


बाँकी अन्तिम पृष्ठमा ▶▶






पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# पुस्तक साटासाट गरेर मनाइयो विश्व पुस्तक दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख

पोखरामा पुस्तक साटासाट गरेर विश्व पुस्तक दिवस मनाइएको छ।

र्‍यान्डम रिडर्स सोसाइटीद्वारा आज आयोजित कार्यक्रममा ३० जनाले पुस्तक साटासाट गरेको सोसाइटीका अध्यक्ष रूपिन्द्र प्रभावी जोशीले जानकारी दिनुभयो।

कार्यक्रममा नेपाली लेखक सङ्घका केन्द्रीय उपाध्यक्ष डा ईश्वरमणि अधिकारी, साहित्यकार तीर्थ गुरुङ, शिव त्रिपाठी, त्रिवेणी, अनुराग अधिकारी, विष्णु सुवेदी, ढाकामोहन बराल, अनुपमणि अधिकारी, नेपालप्रकाश अधिकारी, अनिता अधिकारी, विष्णु सुवेदी, ध्रुव केसी, कमला श्रेष्ठ, हसिना बस्नेत, जमुना कायस्थ, विजय भण्डारी, कमला सुवेदी, लक्ष्मण थापा, माधव खतिवडा, सरू लामिछाने, भरतमणि भट्टराई, बाबुराम सुवेदी, रेशम गिरीलगायतले पुस्तक आदानप्रदान गरेका थिए।

युनेस्कोले सन् १९९५ मा विश्वभरका लेखकलाई प्रेरित गर्दै लेखकको सम्मानस्वरूप हरेक वर्ष अप्रिल २३ तारिखमा विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस मनाउने निर्णय गरेको थियो । विश्वभरिका शैक्षिक, व्यावसायिक तथा वाङ्मयिक संस्थाहरूले पुस्तक प्रदर्शनी, प्रतियोगिता, गोष्ठी आदि कार्यक्रम आयोजना गरी यो दिवस मनाउने गरेका छन्।

र्‍यान्डम रिडर्स सोसाइटीले हरेक वर्ष पुस्तक दिवसमा पुस्तक आदानप्रदान कार्यक्रम गर्दै आएको अध्यक्ष जोशीले बताउनुभयो । पठन संस्कृति प्रवर्द्धनका लागि यस दिवसले प्रेरित गर्ने उहाँको भनाइ छ।

# विमानस्थल निर्माणमा भएको भ्रष्टाचार र अनियमितता छानविन गर्न कास्की काँग्रेसको माग

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख

नेपाली काँग्रेस कास्कीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा क्रममा भएको भ्रष्टाचार र अनियमितता छानविन गरी दोषीलाई कारवाही गर्न माग गरेको छ।

विमानस्थल निर्माणका क्रममा १० अर्व भन्दा बढी भ्रष्टाचार र अनियमितता भएको सार्वजनिक भैरहेका बेला कास्की काँग्रेसले उच्चस्तरीय निष्पक्ष छानविन आयोग गठन गरी स्वदेशी वा विदेशी जो कोही भएपनि कारवाही गर्न माग गरेको सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो । कास्की काँग्रेसका सभापति किशोरदत्त बरालको अध्यक्षतामा आज बसेको बैठकले शिक्षकहरुले उठाएका जायज मागहरु तुरुन्तै पूरा गरी पठनपाठनको आवश्यक प्रवन्ध गर्न सरकारको ध्यानाकर्षण गराएको छ।

बैंठकले विद्यानमा भएको व्यवस्था अनुसार, पार्टीको तल्लो तहका सम्मेलन पछि मात्रै माथिल्लो तहको सम्मेलन गर्ने र क्रियाशील सदस्यता नविकरण अभियानलाई प्रभावकारी ढंगले अघि बढाउने निर्णय गरेको छ।

# पार्टीका प्रत्येक कमिटीमा ३३ प्रतिशत युवा सहभागिता गराइने

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख

नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेलले पार्टीका प्रत्येक कमिटीमा ३३ प्रतिशत युवा सहभागिता गराइने बताउनुभएको छ।

अखिल नेपाल महिला सङ्घ (अनेमसङ्घ) केन्द्रीय युवा कमिटीको दोस्रो राष्ट्रिय युवा महिला भेलाको उद्घाटन गर्दै बुधबार उहाँले भन्नुभयो, "पार्टीका हरेक कमिटीमा युवाहरू ३३ प्रतिशत पुर्‍याउने गरी पार्टीले काम गरिरहेको छ, तीनपुस्ताको संयोजन गरेर पार्टीलाई अगाडि बढाउनुपर्छ भनेर हामी लागिरहेका छौँ।"

महासचिव पोखरेलले अहिले पार्टीमा युवाको राम्रो उपस्थिति रहेको पनि उल्लेख गर्नुभयो । उहाँले पार्टीका हरेक गतिविधिमा युवालाई प्रतिपर्स्धी बनाएर अब्बल बनाउने र महिला सशक्तीकरण तथा सहभागिता वृद्धि गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । अनेमसङ्घले युवा महिला सशक्तीकरण र सहभागिता वृद्धि गर्ने उद्देश्यले आज राष्ट्रिय युवा महिला भेला आयोजना गरेको हो । 'समुद्ध नेपालः सुखी नेपाली' को सङ्कल्प पूरा गर्दै समान सहभागिताका लागि सुदृढ सङ्गठन बनाउने सोचका साथ भेला आयोजना गरेको अनेम सङ्घका अध्यक्ष टुकाभद्र हमालले जानकारी दिनुभयो।

युवा कमिटीका संयोजक विन्दु अधिकारीले युवा उमेर व्यक्तित्व निर्माणदेखि राष्ट्र निर्माणमा महत्त्वपूर्ण भएकाले उत्पादन, उद्यमशीलता र रोजगारीमा लगाउनुपर्ने बताउनुभयो।

भेलामा उत्पादन, उद्यमशीलता, रोजगारीमा युवा महिलाहरूको अवस्था र सम्भावना, युवा महिलाको नेतृत्व, सशक्तीकरणका अभ्यास र भावी रणनीति, प्रगतिशील संस्कृति, सामाजिक रूपान्तरण र युवा महिला, राजनीतिक दल तथा अन्य सङ्गठनमा युवा महिला नेतृत्व र लैङ्गिक समानताका सवालमा छलफल भइरहेको छ।

सम्मेलनमा प्रदेश र जिल्ला कमिटीबाट करिब पाँच सय युवा महिलाको सहभागिता रहेको छ । अनेमसङ्घले सातौँ राष्ट्रिय सम्मेलनमार्फत नेतृत्वमा युवाको सहभागिता बढाउने उद्देश्यले कमिटीमा युवा महिलाका लागि ३० प्रतिशत स्थान सुरक्षित गर्ने नीति पारित गरेको छ।

सम्मेलनपश्चात् अनेमसङ्घ केन्द्रीय युवा कमिटी गठन गरी प्रदेश, जिल्ला तथा पालिका तहमा समेत युवा कमिटी निमाण गर्ने जनाइएको छ।

# अन्तर पुनःस्थापना केन्द्र स्तरिय टेबल टेनिस टुर्नामेन्ट सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख




विश्व टेबल टेनिस दिवस २०२५ को अवसरमा नौलो घुम्ती नेपाल, नयाँ जिवनका लागि टेबल टेनिस परियोजनाको आयोजना, गण्डकी प्रदेश टेबल टेनिस संघ र कास्की जिल्ला टेबल टेनिस संघको सहकार्यमा पोखरामा संचालित पुनःस्थापना केन्द्रमा उपचाररत महिला तथा पुरुषका विच रिहाब टेबल टेनिस टुर्नामेन्ट गत सोमबार सम्पन्न भएको छ।

अन्तराष्ट्रिय टेबल टेनिस फाउण्डेसनको आर्थिक सहयोग संचालित टुर्नामेन्टमा पोखरामा रहेका १० वटा पुनःस्थापना केन्द्रका ४० जना खेलाडिहरु सहभागी भएका थिए।

मेन्स सिङ्गल, मेन्स डबल, वुमेन सिङ्गलका विधाको टुर्नामेन्टमा मेन्स सिङगलमा प्रथम सुशान्त, दोस्रो रजत, तेस्रो रुपक र रोहन, मेन्स डबलमा प्रथम अन्जन र प्रदिप, दोस्रो अंकित, कमल, तेस्रोमा रोशन र आयुश र निशान र मिलन, वुमेन्स सिङगलमा प्रथम सजना, दोश्रोमा आइसा, तेस्रोमा सुनिता र प्रिन्सा विजयी भएका थिए।

कार्यक्रममा कास्की जिल्ला खेलकुद विकास समितिका कार्यलय प्रमुख सुन बहादुर लामा, गण्डकी प्रदेश टेबल टेनिस संघका अध्यक्ष उत्तम जोशी, नौलो घुम्ती नेपालका अध्यक्ष सुरेन्द्र थापा मगर, कार्यकारी प्रमुख अनेश गुरुङ, कास्की जिल्ला टेबल टेनिस संघका अध्यक्ष गौतम राज लामा लगायतले वोलेका थिए।

कार्यक्रम संचालन नौलो घुम्ती नेपालका परामर्श, उपचार तथा पुनःस्थापना केन्द्रका कार्यक्रम संयोजक ओम कृष्ण गुरुङले गरेका थिए।

# प्रधानमन्त्रीसँग फुटबल खेलाडी कार्लोसको भेटघाट

**रासस**
काठमाडौं, १० बैशाख



प्रधानमन्त्री केपी शर्मा ओली र ब्राजिलका चर्चित फुटबल खेलाडी रोबर्टो कार्लोसबीच प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बुधबार भेटघाट भएको छ।

विश्वविजेता कार्लोस नेपाल सुरपल लिग एनएसएल) को तेस्रो सिजनको खेल हेर्न काठमाडौँ आउनुभएको हो।

सो अवसरमा प्रधानमन्त्री ओलीले खेलाडी कार्लोसलाई स्वागत गर्दै उहाँको नेपाल आगमनले यहाँका खेलाडी र युवाहरूलाई उत्साह मिल्ने बताउनुभयो । प्रधानमन्त्री ओलीले नेपाल र ब्राजिलबीच राम्रो कूटनीतिक सम्बन्ध रहेको उल्लेख गर्दै दुवै देशको खेल क्षेत्रले एकार्कामा सिकाइ आदानप्रदान गर्नुपर्नेमा जोड दिनुभयो।

प्रधानमन्त्री ओलीले खेलाडी कार्लोसलाई 'माउन्टेन फ्ल्याइट' र जङ्गल सफारी गर्ने योजनासहित पुनः नेपाल भ्रमणमा आउन आग्रह गर्नुभयो । आफूलाई स्वागत गरिएकामा आभार व्यक्त गर्दै खेलाडी कार्लोसले नेपालका प्रधानमन्त्री, युवा र खेलाडीसँग भेट्न पाउँदा खुसी लागेको बताउनुभयो।

# पोखरा थन्डर्स फाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख

स्टेफन समीर बिनोडको निर्णायक गोलसँगै पोखरा थन्डर्स नेपाल सुपर लिग (एनएसएल) फुटबलको फाइनलमा प्रवेश गरेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा बुधबार सम्पन्न दोस्रो क्वालिफायर खेलमा पोखराले धनगढी एफसीलाई १-० ले हराएको हो । बिनोडले खेलको दोस्रो हाफको अतिरिक्त समयमा गरेको एक गोलनै पोखराको लागि निर्णयक गोल सावित भयो । यस जितसङ्गै पोखराले उपाधिका लागि अब साविक विजेता ललितपुर सिटी एफसीसँग खेल्नेछ।


## वायु प्रदूषणबाट जोगिने उपाय

◆ वायु प्रदूषणवाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घरवाहिर निस्कँदा मास्कको प्रयोग गरौं,
◆ वातावरणमैत्री सवारी साधनको प्रयोग गरौं,
◆ दाउरा र कोइलाको सकेसम्म कम प्रयोग गरौं,
◆ निर्माणस्थल, उद्योग कलकारखाना आदिबाट निस्कने धुलो धुवाँको उचित व्यवस्थापन गरौ,
◆ श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परीक्षण गराऔं,
◆ जथाभावी प्लास्टिकलगायतका वस्तु नजलाऔं,
◆ रुखविरुवा रोपौं, हरियाली बढाऔं र वनजंगल जोगाऔं।

वायु प्रदूषणको असरबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# भारतीय ...

बिजुली भारतलगायत तेस्रो मुलुकमा बिक्री गर्न सहज हुनेछ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री खड्का इनरुवा-न्यु पूर्णिया र दोदोधारा-बरेली प्रसारण लाइन केबल संरचना मात्र नभएर दुई देशबीचको आपसी विश्वास र दीगो विकासतर्फको साझा यात्रा रहेको बताउनुहुन्छ।

"हामीले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएका छौँ, भारतका समकक्षी मन्त्री खट्टरजीको भ्रमणले यो लक्ष्यप्राप्तिका लागि आवश्यक संरचना र सहकार्यमा महत्त्वपूर्ण टेवा पुर्‍याउनेछ", उहाँले भन्नुभयो । भारतीय विद्युत् मन्त्री खट्टर नेपालको ऊर्जा क्षेत्रमा भएको प्रगति भारतका लागिसमेत महत्त्वपूर्ण भएको बताउनुहुन्छ । अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि सम्झौता हुनु खुसीको कुरा भएको उहाँको भनाइ थियो।

भ्रमणका क्रममा मन्त्री खट्टरले नेपालका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री खड्कासँग संयुक्त रूपमा सङ्खुवासभास्थित अरुण तेस्रो जलविद्युत् आयोजनाको स्थलगत अवलोकन गर्नुभएको थियो। दुवै मन्त्रीले आयोजनाको पावर हाउस र बाँध क्षेत्र निरीक्षण गर्दै निर्माण कम्पनीका प्रतिनिधिसँग आयोजनाको कामका बारेमा जानकारी लिनुभएको थियो । यसैगरी, भारतीय मन्त्री खट्टरले पशुपतिनाथ मन्दिर र मुक्तिनाथ मन्दिरमा विशेष पूजाअर्चना गर्नुभएको थियो। मुक्तिनाथ यात्राका क्रममा उहाँसँग ऊर्जामन्त्री खड्का र नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तव पनि सहभागी हुनुहुन्थ्यो । नेपाल भ्रमणकै क्रममा मन्त्री खट्टरले प्रधानमन्त्री केपी शर्मा ओली र उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहसँग शिष्टाचार भेटवार्ता गर्नुभएको थियो।

# ऐतिहासिक कोटिहोम महायज्ञको प्रचारका लागि बिरौटामा साइकल र्‍याली

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख



पोखरा महानगरपालिका वडा नं. १७, बिरौटामा सञ्चालित श्री गण्डकी शत कुण्डीय कोटिहोम विराट् ज्ञान महायज्ञ को प्रचार-प्रसार र धार्मिक तथा सामाजिक सद्भावको सन्देश फैलाउन मानवसेवा फाउण्डेशनले बैशाख ११ गते बिहान ७ बजे साइकल र्‍याली आयोजना गर्ने भएको छ।

बिरौटास्थित कोटिहोम स्थलबाट सुरु हुने यो र्‍याली ड्यामसाइड, लेकसाइड, हल्लनचोक, जिरोकिलोमिटर, मालेपाटन, बाग्लुङ बसपार्क, बिन्ध्यवासिनी मन्दिर, भैरवटोल, नालामुख, तेश्रोपट्टी, महेन्द्रपुल, चिप्लेढुङ्गा, न्यूरोड, सभागृहचोक, पृथ्वीचोक, नागढुङ्गा, पुरानो एयरपोर्ट र पार्दी हुँदै पुनः बिरौटा कोटिहोम स्थलमा पुगेर समापन हुनेछ।

महायज्ञका संकल्पकर्ता विजय कृष्ण मूर्ति महाराजका अनुसार यो साइकल र्‍यालीले स्वास्थ्य, वातावरण, र पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण सन्देश दिनेछ। साइक्लिङमार्फत इन्धनको बचत, मानव स्वास्थ्यलाई चुस्त राख्ने, र पोखरा भ्रमण वर्ष २०२५ को विकासमा योगदान पुर्‍याउने लक्ष्य राखिएको छ। उहाँले सम्पूर्ण पोखरेलीहरूलाई र्‍यालीमा सहभागी भई यो अभियानलाई सफल बनाउन हार्दिक अनुरोध गर्नुभएको छ । मानवसेवाफाउण्डेशनलेकोटिहोम महायज्ञको प्रचारका लागि थप कार्यक्रमहरू पनि आयोजना गर्दैछ। बैशाख १२ गते मोटरसाइकल र्‍याली, बैशाख १३ गते ट्याक्सी र्‍याली, बैशाख १४ गते फेवातालमा डुङ्गा र्‍याली, र बैशाख १६ गते बृहत् कशेली यात्रा आयोजना हुने फाउण्डेशनले जनाएको छ । यो साइकल र्‍यालीले धार्मिक, सामाजिक, र पर्यटकीय सन्देशलाई एकसाथ प्रवाह गर्दै पोखराको सांस्कृतिक र पर्यटकीय महत्वलाई उजागर गर्ने अपेक्षा गरिएको छ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# जनताले जितेको दिन

जनताले जनआन्दोलनमा देखाएको अभुतपूर्व सहभागिताले नेपालमा लोकतन्त्र आयो । नेपालको २०६२-०६३ को आन्दोलन हरेक दृष्टिकोणले सफल मानिन्छ । २ सय ४० वर्षको शाह वंसीय राजतन्त्रको अन्त्य दोश्रो जनआन्दोलकले गऱ्यो । राजा ज्ञानेन्द्रको निरंकुशतालाई जनआन्दोलनले परास्त गरेको हो । शसस्त्र संघर्ष गरेको नेकपा माओवादीलाई शान्तिपूर्ण राजनीतिमा ल्याउने काम २०६२-०६३ को आन्दोलनले नै हो । २०६२ साल चैत २४ गतेबाट शुरु भएर २०६३ बैशाख ११ गते आन्दोलन टुङ्गीएको हो । शान्तिपूर्ण आन्दोलनबाट जनताले आफ्नो अधिकार लिएको दिनको रुपमा बैशाख ११ गतेलाई लोकतन्त्र दिवसको रुपमा सम्भने गरिएको छ । लोकतन्त्रलाई दिवसको रुपमा नागरिकले अधिकार पाएको दिनको रुपमा लिने गरेका छन् ।जनताले जितेको दिनलाई भव्य रुपमा मनाउन नेकपा एमालेले युवालाई उतार्ने भएको छ ।

लोकतन्त्रिक आन्दोलनको उपलब्धि संविधान सभा, संविधानसभाले बनाएको संविधान, गणतन्त्र, समावेशी प्रतिनिधित्व र राज्यको पुनसंरचना हो । गणतन्त्र घोषणा हुँदा जनतामा जुन उत्साह थियो अहिले नेताप्रति आक्रोश छ । मुलुकमा राष्ट्रपति पनि छन् । समावेशी प्रतिनिधित्व गराउन निर्वाचन प्रणाली पनि प्रत्यक्ष निर्वाचित र समानुपातिक प्रतिनिधित्व गराइएको छ । जनआन्दोलनमा नेपाली जनताले उठाएका मुद्धा संविधान जारी गरेपछि ती अधिकार संस्थागत भएको छ । तिनै तहका सरकार बनेर अधिकारको वाडफाड भएको छ । सिंहदरबारको अधिकार गाउँमा आइपुगेको आठ वर्ष पुग्दैछ । केन्द्रीकृत मानसिकताले गर्दा स्थानीय तह र प्रदेश सरकारबाट सम्पादन हुने काम अपेक्षाकृत हुन सकेको छैन । संघीयता कार्यान्वयन गर्ने निजामती, प्रहरी र विद्यालय शिक्षा ऐन संघीय संसदबाट जारी हुन नसक्दा असन्तुष्टि बढेको छ। शिक्षकका आन्दोलनले सामुदायिक विद्यालय बन्द छन।शिक्षक काठमाडौंमा २२ दिन देखि प्रदर्शन गरिरहेका छन। अर्थिक बृद्धि वृद्धि हुन सकेको छैन । देशको अर्थतन्त्र कमजोर हुँदा साशकहरु जनतालाई बुझाउन सक्दैनन् । रोजगारीका लागि विदेश जान बाध्य युवाशक्ति गणतन्त्रका नेता र दलपति आक्रोश व्यक्त गर्दछन । राजतन्त्रको वकालत गर्ने बढ्न थालेका छन । पूर्व राजा ज्ञानेन्द्र फेरि शासन आफ्नै हातमा लिन सकिन्छ कि भनेर राजसंस्था पक्षधरलाई आन्दोलनमा उतारेका छन । जननिर्वाचित संसद्ले कानुन बनाउने र देशका समस्यामा गहन छलफल नभइ कुण्ठा, घुर्की र प्रतिशोध साँध्ने थलोमा परिणाम गराउन खोजिदै छ । क्यालेन्डर बनाएर चल्न नसक्ने अवस्थामा पुर्याउन खोजिदैछ । संसदप्रति वितृष्णा फैलाउनेलाई मलजल हाल्ने काम संसदीय प्रणालीका हिमायती हौँ भन्नेबाट भएको छ ।

लोकतन्त्र स्थापनाका लागि शाहदत प्रप्त गर्ने शहिदको रगत खेरा जाने हो कि भन्ने अवस्था आएको छ । सरकारले शहीदहरुलाई समान व्यवहार गरेको छैन । जनआन्दोलनका घाइते र अंगभंग भएकाहरुले अझै राहत पाउन सकेका छैनन् । शरीर भित्र रहेको गोली र अंगभंग भएकाहरुको उपचार र भरणपोषणको व्यवस्था नगरेसम्म जनआन्दोलनको मर्म पुरा हुन सक्दैन । रातारात धनकमाउने कालाबजारीया, निरंकुश, भ्रष्ट र तस्करहरुले जनतालाई लोकतन्त्रको पाठ पढाउने अवस्था बढेर गएको छ । निर्वाचनमा जस्ले खर्च गर्न सक्छ भन्नेलाई उमेदवार कनाउने आफ्नो दास बन्न सक्ने खोज्ने प्रबृत्ति हावी हुदाँ राजनीतिक दलका नेताहरुले लोकतान्त्रिक आचरण देखाउन नसक्दा अहिले जनतामा निराशा छाएको छ । पुरानै निरंकुश शासन ठिक थियो भन्ने र पपुलिष्ट कुरा गर्नेको श्वर चर्को हुन थालेको छ ।

नेताहरुले सिमित घेरा भन्दा बाहिर हेर्न नसक्दा जनताले विश्वास गरेका नेताहरुका बारेमा प्रश्न उठाउने ठाउँ दिएको छ । अन्दोलनमा सँगै लडेको शक्ति दुई ध्रुब हुन पुगेका छन ।  जनताको सहभागितामा जनताका प्रतिनिधिले मुलुक चलाउने प्रणाली स्थापित नगरी बाँडीचुँडी खाने प्रणाली स्थापित गराउन खोजिएको छ । साशकको सोच र चिन्तन आफू र आफ्नाका लागि केन्द्रीत छ । लोकतान्त्रिक प्रणाली देखाउन मात्र छ । लोकतान्त्रिक जीवन पद्धति बनाउन सकियो भने मात्र लोकतन्त्र बलियो हुन्छ । लोकतन्त्र स्थापना गर्न जस्ले योगदान गरेको छ उनीहरुले परिवर्तनको अनुभूति गर्न नपाएसम्म ब्यबस्था बलियो हुँदैन । जनताको अवस्था परिवर्तन गर्न सके मात्र लोकतन्त्र बलियो हुनेछ । लोकतान्त्रिक आन्दोलनमा संगै लडेका र लोकतन्त्रलाई बलियो बनाउन लागेका सबै शक्तिले सत्ता स्वार्थभन्दा माथि उठेर देश र जनताको निम्ति लाग्ने वाचा गरेमा लोकतान्त्रीकरणमा सहयोग पुग्नेछ ।लोकतन्त्र जनताले जितेको दिनको रुपमा सबैले मनाउने दिन बन्न सकेमा निरंकुशतालाई सधैंका लागि परास्त गरेर लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउन सकिनेछ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : कार्यमा सफलता |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्भनुहोस् ।

# तेक्वान्दो टोली जापान जाँदै

**रासस**
काठमाडौं, १० बैशाख

अन्तरराष्ट्रिय तेक्वान्दो च्याम्पियनसिपको २१ औं संस्करणमा सहभागी हुन पाँच खेलाडीसहित सात सदस्यीय नेपाली टोली बिहीबार जापानको ओसाका प्रस्थान गर्दैछ ।

यही वैशाख १२ देखि १४ गतेसम्म हुने प्रतियोगितामा खेलाडीले ग्योरोगी र पुम्से स्पर्धामा प्रतिस्पर्धा गर्ने छन् । हृदयणी बस्नेतले ३० केजीमुनि, जोलिना बस्नेतले ३४ केजीमुनि, सोहन पाठकले २४ केजीमुनि तथा यु-१२ एकल पुम्सेमा सक्षम श्रेष्ठ र यु-१४ एकल पुम्सेमा आश्रय उपाध्यायले प्रतिस्पर्धा गर्नेछन् ।

प्रशिक्षकमा सरोज तामाङ रहेका छन् । तेह्रौं दक्षिण एसियाली खेलकुद (साग) की स्वर्ण विजेता काजल श्रेष्ठले प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्ने छिन् । काजलले यसै प्रतियोगिताको २० औं संस्करणमा पनि निर्णायकको भूमिका निर्वाह गरेकी थिइन् । टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) कार्यकारी समितिका सदस्य भानबहादुर चन्द, राखेपकी सदस्य नन्दा बस्याललगायतले एक कार्यक्रमबीच खेलाडीलाई सफलताको शुभकामना दिँदै बिदाइ गरेका छन् ।

# मध्यपहाडी लोकमार्गः हरिचोक-याम्दीखण्ड कालोपत्र गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख

निर्माणाधीन राष्ट्रिय गौरवको मध्यपहाडी लोकमार्गअन्तर्गत पोखराको हरिचोकबाट याम्दी पुलसम्मको चार 'लेन' सडक कालोपत्र गर्न सुरु भएको छ ।

मध्यपहाडी लोकमार्ग आयोजना कार्यालका अनुसार मङ्गलबार रातिदेखि कसेरीचोकबाट कालोपत्रको कामसुरु भएको हो । "अस्फाल्ट प्रविधिबाट सडक कालोपत्र गर्न थालेका छौँ ", आयोजनाका सूचना अधिकारी किरण सुवेदीले भन्नुभयो । चालु आर्थिक वर्षभित्रमा कालोपत्र सम्पन्न गर्ने लक्ष्य छ ।

"सार्वजनिक खरिद नियमावलीको १३औँ संशोधनबाट थपिएको म्यादसमेत अहिले सकिएको छ । सरकारले पुनः म्याद थप गरे सोहीअनुसार हुन्छ । नभए निर्माण कम्पनीसँग जरिवाना लिएर भए पनि सम्पन्न गर्छौँ", सुवेदीले भन्नुभयो । निर्माण कम्पनीसँग मूल्य अभिवृद्धि करसहित रु ४८ करोडमा सडक निर्माणको सम्झौता भएको हो ।

# आँबुखैरेनीको बजार क्षेत्रलाई 'नो हर्न' घोषणा

**पोखरापत्र संवाददाता**
दमौली, १० बैशाख

जिल्लाको आँबुखैरेनी बजारलाई 'नो हर्न' क्षेत्र घोषणा गरिएको छ । आँबुखैरेनी सेवा समाजको सक्रियतामा इलाका प्रहरी कार्यालय आँबुखैरेनीले बजार क्षेत्रलाई 'नो हर्न' घोषणा गरेको हो ।

समाजले सोमबार प्रहरी निरीक्षक टेकप्रसाद सुवेदीलाई ध्यानाकर्षण पत्र बुझाउँदै बजार क्षेत्रलाई हर्न निषेधित क्षेत्र बनाउन माग गरेको थियो । बजार क्षेत्रमा हर्नले ध्वनि प्रदूषण बढाएकाले निषेध क्षेत्र बनाउन माग गरिएको समाजका अध्यक्ष मनोज कुमार श्रेष्ठले बताउनुभयो । बजार क्षेत्रमा ठूला तथा साना सवारीसाधनको घुइँचो तथा सवारीसाधनले यात्रु चढाउन गर्ने हतारका कारण अनावश्यक ध्वनी प्रदूषण गराउँदा समस्या भएकाले हर्न निषेधित क्षेत्र बनाउन आवश्यक पहल गरिएको उहाँको भनाइ छ । प्रहरीले बजारका विभिन्न ठाउँमा आज 'नो हर्न' सम्बन्धी सूचना राखेको छ । प्रहरी निरीक्षक सुवेदीले बजार क्षेत्रलाई ध्वनी प्रदूषणमुक्त बनाउने र दुर्घटनाको जोखिम घटाउने उद्देश्यसहित 'नो हर्न' घोषणा गर्दै सूचना बोर्डहरू राखिएको जानकारी दिनुभयो । आँबुखैरेनीगाउँपालिकास्थित सामुदायिक विद्यालयमा प्रहरी सम्पर्क पुस्तिका लागू गरिने भएको छ ।

गाउँपालिकाका छ वटै वडामा रहेका सामुदायिक विद्यालयमा नेपाल प्रहरी प्रधान कार्यालयले तयार गरेको प्रहरी विद्यालय सम्पर्क पुस्तिका समावेश गर्ने सहमति भएको हो । इलाका प्रहरी कार्यालय आँबुखैरेनी प्रहरी निरीक्षक सुवेदी र गाउँपालिकाका अध्यक्ष शुक्र चुमानबीच विद्यालयमा उक्त पुस्तिका समावेश गर्ने बारेमा सहमतिपत्रमा हस्ताक्षर गरिएको गाउँपालिका कार्यालयले जनाएको छ । नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागले तयार गरेको 'स्थानीय तह-प्रहरी विद्यालय सम्पर्क पुस्तिका २०८०' मा उल्लेख गरिएका सामग्री गाउँपालिकाभित्रका सबै विद्यालयका पाठ्यक्रममा समावेश गर्ने सहमति भएको अध्यक्ष चुमानले जानकारी दिनुभयो । यस पाठ्यपुस्तकले विद्यार्थीमा कानुनी चेतना, सामाजिक उत्तरदायित्व र सुरक्षाबारे जानकारी बढाउने विश्वास लिइएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "गाउँपालिकाले आगामी दिनमा प्रहरी र विद्यालयसँग सहकार्य गर्दै शिक्षालाई अझ सुरक्षित, सशक्त र जिम्मेवार बनाउने मार्गमा अघि बढेको छ ।" यो पाठ्यपुस्तकले विद्यार्थीलाई अनुशासित र जिम्मेवार बनाउन सहयोग पुग्ने प्रहरी निरीक्षक सुवेदीले बताउनुभयो । आँबुखैरेनी गाउँपालिकाका छ वटा वडामा ३५ सामुदायिक विद्यालय छन् । ती विद्यालयमा करिब पाँच हजार विद्यार्थी अध्ययनरत छन् ।

# 'ट्र्याक' खोलेको २६ वर्षपछि कालोपत्र गरिँदै ओढारचौर-ढोडेनी सडक

**पोखरापत्र संवाददाता**
बागलुङ, १० बैशाख

बागलुङको ओढारचौर-ढोडेनी सडक ट्र्याक खुलेको २६ वर्षपछि स्तरोन्नति हुन थालेको छ । विसं २०५६ मा स्थानीयले गैंची र कोदालोको सहायताले ट्र्याक खोलेको सडक साढे दुई दशकपछि स्तरोन्नति हुन थालेको हो ।

तत्कालीन जिल्ला विकास समितिले विनियोजन गरेको रु पाँच लाख र ढोडेनीका स्थानीयले २०५६ सालमा ३६ दिनसम्म श्रमदान गरेर निर्माण गरेको सडक आगामी असार महिनाभित्र कालोपत्र हुने गरी धमाधम काम भइरहेको छ । विश्व बैंकले नेपाल सरकारलाई उपलब्ध गराएको ऋणबाट बागलुङ नगरपालिकाले तीन वटा सडक कालोपत्र गर्न रु ५८ करोड अनुदान पाएको थियो ।

उक्त बजेटबाट कालोपत्र गर्नका लागि बागलुङ नगरपालिकाले ओढारचौर-ढोडेनी फोर्से सडकसँगै वडा नम्बर १ गणेशथान घुम्ती-माझीबस्ती-निरयघाट सडक र वडा नम्बर ७ को मूलपानी स्कुल हर्राचौर कालीमाटी-तितौरे सडक छनोट गरेको थियो । नगरपालिकाले ०८१ जेठ १५ गते आशिष/फेवा जेवीसँग १२.५ किलोमिटर सडक कालोपत्र गर्न रु ४९ करोड २१ लाखमा २०८२ असार ३० भित्रमा निर्माण सक्ने गरी सम्झौता गरेको थियो ।

लामो समयपछि सडक कालोपत्र हुने भएपछि स्थानीय खुसी भएका छन् । बागलुङ-४ ढोडेनीका प्रेमप्रसाद आचार्यले २६ वर्ष अगाडि आफू ५४ वर्षको उमेर हुँदा कम्मरमा लट्ठा बाँधेर गैंची र कोदालोले ओढारचौरको पहरो फोडेर सडक निर्माण गरेको स्मरण गर्नुभयो । आफुले भोगेको दुखः छोरानातिले नभोगुन भनेर त्यो बेला स्थानीय एकजुट भएको उहाँ बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "उति बेला अहिलेको जस्तो मेसिनको सुविधा थिएन, हामीहरूले पहरोमा गल गाडेर, गलमा लट्ठो बाँधेर त्यही लट्ठो कम्मरमा बाँधी झुन्डिएर भिर काटेर डोरेटो खनेका थियौँ, आचार्य भन्नुभयो", अहिले "म ७९ वर्षको भए, बाटो बन्न २६ वर्ष लाग्यो ।" अहिले उक्त सडकमा नाली बनाउने, पर्खाल लगाउनेलगायतका काम सकिएको निर्माण कम्पनीका इञ्जिनियर मनोज शर्माले जानकारी दिनुभयो । वैशाख महिनाभित्रै कालोपत्र समेत गरिसक्ने गरी काम भइरहेको शर्माले बताउनुभयो । काम सुरु गरेको पाँच महिनामा संरचना निर्माणको ९५ प्रतिशत काम सकिएको उहाँ बताउनुहुन्छ ।

# अर्नाकोटमा सधैँ खानेपानीको सास्ती

**रासस**
बागलुङ, १० बैशाख

बागलुङको निसीखोलाको सिरमा रहेको सुन्दर अर्नाकोट गाउँ प्राकृतिक अनुपमले धनीले छ । प्राकृतिक रुपमा सुन्दर यो गाउँमा खानेपानीको भने ठूलो समस्या छ । स्थानीयले वर्षौंदेखि खानेपानीको समस्या भोग्दै आएका छन् ।

खानेपानीको अभावकै कारण अर्नाकोटवासीहरु गाउँ छोड्न बाध्य छन् । निसीखोला गाउँपालिका-२ देवीस्थानको उच्च भागमा पर्ने अर्नाकोट पर्यटकीय दृष्टिकोणमा महत्वपूर्ण धार्मिक गन्तव्य मानिन्छ । खानेपानीको धारामा हिउँदमा मुस्किलले दुई गाग्री पानी पनि नआउने स्थानीयको गुनासो छ ।

खानेपानीको समस्या समाधानका लागि अर्नाकोटमा लिफ्ट आयोजनामार्फत खानेपानी वितरण गर्न खोजिए पनि उक्त आयोजनाले पानीको प्यास मेटाउन सकेको छैन । अर्नाकोटमा बाह्रैमास हुने खानेपानीको अभाव हुने गरेका स्थानीय छलविर विकले गुनासो गर्नुभयो ।

"खानेपानीको ठूलो समस्या छ, दुई गाग्री पानीले दिनभर कसरी पुऱ्याउने सरसफाइ र पशुपालनका लागि त खानेपानी पुग्दैन", ८१ वर्षे विकले भन्नुभयो, "पानीको कारणले समयमा सुत्नसमेत पाइँदैन, सक्नेहरु त गाउँ छोडेर सहर पसिसके, हामी गाउँ छोड्न सकिएन, बाचुञ्जेल प्रशस्त खानेपानी भएको हेर्नसमेत पाइएन ।" छलविर जस्तै नरमती रसाइलीको दैनिकी पानीको जोहो गर्नमै बित्छ । उहाँले खानेपानी ल्याउनका लागि छिमेकीपालिका ढोरपाटन नगरपालिका-५ स्थित वसन्तधाराको मुलसम्म पुग्ने गरेको बताउनुभयो । "एक/दुई गाग्री पानी आउँछ त्यही पनि कहिले आउँदैन, एक घण्टा हिँडेर पानी बोक्नुपर्ने अवस्था छ, वर्खामा पुरानो धारामा जेनतेन पानी आउने भए पनि हिउँदमा झनै सास्ती हुन्छ", नरमतीले भन्नुभयो ।

केही वर्षअघि अर्नाकोटमा लिफ्टिङ प्रविधिबाट ल्याइए पनि पटक-पटक बिग्रिएर समस्या भएको छ । विसं २०४७ मा ल्याएको ल्याएको खानेपानी आयोजनाको मुहान सुक्दा अर्नाकोटबाट हरेक दिन बसाइ सर्नेहरु बढिरहेको स्थानीय ओमबहादुर रसाइलीले बताउनभुयो । उहाँले निसीखोलाको पातीहाल्ने नजिकैबाट पानी ल्याउन सम्भव देखिए पनि बजेट अभाव भएको बताउनुभयो । ढोरपाटन नगरपालिका-५ र निसीखोला-२ मा पर्ने अर्नाकोट क्षेत्रमा करिब चार सय घरधुरी छन् । सबै घरमा खानेपानीको अभाव छ ।

पानीको जोहो गर्नुपर्ने बाध्यताले पठनपाठन असर गरिरहेको अर्नाकोट माध्यमिक विद्यालयका प्रधानाध्यापक ईश्वर सिर्पालीले बताउनुभयो । विद्यालयमा पर्याप्त पानी नहुँदा बालबालिकालाई खानेपानीको व्यवस्था गर्न नसक्नुका साथै सरसफाइदेखि स्वास्थ्यका क्रियाकलापसमेत प्रभावित भएको उहाँको भनाइ छ ।

उच्च भू-भागमा रहेको अर्नाकोटमा खानेपानी अभाव रहेको बताउँदै मुहानको अभाव रहेको वडाका अध्यक्ष कुविर विश्वकर्माले बताउनुभयो । "अर्नाकोट बस्तीमा नजिकै पानीको मूल छैन, भएका साना मूल सुके, लिफ्ट आयोजना दीर्घकालीन भएन", उहाँले भन्नुभयो, "बस्तीबाट निकै टाढा रहेका मूलबाट अर्नाकोटमा पानी झार्न धेरै बजेट चाहिन्छ, त्यो वडाबाट सम्भव छैन, पालिकामार्फत प्रदेश र सङ्घ सरकारसँग बजेट माग भइरहेको छ ।"

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५ ठूली मजुवा तुलसी मार्ग बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः ठूली मजुवा तुलसी मार्ग बाटो निर्माण
ठेगानाः पोखरा-१५
योजना सम्झौता मितिः २०८१/१२/१२ गते
योजना शुरु मितिः २०८१/१२/१३ गते
योजना सम्पन्न हुने मितिः २०८२/१/२५ गते
योजना सम्पन्न भएको मितिः २०८२/१/१० गते
योजनाको कुल लागतः रु.४७०८९५.७७
महानगरपालिकाबाटः रु. ४,००,०००/-
जनसहभागिताबाटः रु.७०,५८८/-
अध्यक्षः लोकनाथ पुडासैनी सम्पर्क नं.: ९८४६०३७८७१
अनुगमन समिति संयोजकः बलराम पौडेल वडा सदस्य-१५
सदस्यः बुद्धि बहादुर बानिया, इन्द्रा के.सी.

**ठूली मजुवा तुलसी मार्ग बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-१५**

## शिक्षक आवश्यकता

अन्नपूर्ण गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा कास्कीको च.नं १२६६ र १२६७ मिति २०८२/१/१० को प्राप्त पत्र अनुसार यस विद्यालयमा मावि तह तृतिय श्रेणीको राहात कोटा गणित र मावि तह तृतिय श्रेणीको संघीय शिक्षण अनुदान अग्रेजी शिक्षक पदमा विज्ञापन गरिएकोले इच्छुक नेपाली नागरिकहरु बाट तपशिलका उल्लेखित कागजात सहित प्रकाशित मितिले १५ दिन भित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

विज्ञापन नं. ०१/२०८१/२०८२

| क.स | पद | तह | विषय | किसिम | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | शिक्षक | मा.वि राहात | गणित | करार | मान्यता प्राप्त शैक्षिक सस्थाबाट सम्बन्धित विषयमा स्नातक वा सो सरह उर्त्तीण । |
| २ | शिक्षक | मा.वि संघीय अनुदान करार | अंग्रेजी | करार | मान्यता प्राप्त शैक्षिक संस्थावाट सम्बन्धित विषयमा स्नातक वा सो सरह उर्त्तीण । |

-तबल स्केलः नेपाल सरकारको प्रचलित नियम अनुसार ।
-आवश्यक संख्याः २ (दई) -उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
-आवश्यक कागजपत्रहरु निवेदन, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १ थान अध्यापन अनुमिति पत्रको प्रतिलिपि १ थान, नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ थान
परीक्षा दस्तुर : दुवै तहमा रु.१०००।- अक्षेरुपी एक हजार रुपैया मात्र ।
दरखास्त आइसक्नु पर्ने अन्तिम मितिः २०८२/१/२५ गतेसम्म
परीक्षाको किसिम : लिखित र अन्तरवार्ता सम्पर्क मितिः फोनबाट जानकारी दिइनेछ ।
जानकारीको लागिः दरखास्त दिनको लागि यस विद्यालयको NIC ASIA बैंकमा रहेको खाता नं A641052462252401 खातामा भएको नाम SHREE UMA SECONDARY SCHOOL मा परीक्षा दस्तुर जम्मा गरी त्यसको भौचर निवेदन र अन्य आवश्यक कागजातहरु विद्यालयको Email:umasecondaryschool26@gmail.com मा पठाउन सकिने छ वा स्वयम विद्यालयमा आएर कार्यलय समयमा बुझाउन सकिने छ ।
सम्पर्कको लागिः ९८४६४६८२१७, (प्र.अ),९८४८१३८६३८ (स.प्र.ब) ९८४१०२६००८ (लेखा)

**श्री उमा माध्यमिक विद्यालय**
**अन्नूर्ण गाउँपालिका-८, दाङसिङ, मोहोरिया, कास्की**

# लेकतर्फ लाग्दै भेडाका बथान

**रासस**
लमजुङ, १० बैशाख



बैंसी आइपुगेर घुम्ती भेडीगोठमा रहेका भेडाका बथान यतिबेला चरणका लागि लेक तथा हिमाली भेगतर्फ जान थालेका छन् । चिसो मौसम सुरु भएसँगै चरणमा समस्या आउन थालेपछि बैंसी झरेका भेडाका बथान गर्मी सुरु भएसँगै लेक तथा हिमाली भेगतर्फ जान थालेका हुन् ।

जिल्लाका घुम्ती गोठका गोठालाहरूले आ-आफ्ना भेडाका बथान यतिबेला लेक तथा उच्च खर्कतिर लैजान थालेका यहाँस्थित पशु सेवा विज्ञ केन्द्रका निमित्त कार्यालय प्रमुख डा सुनिल न्यौपानेले बताउनुभयो । जिल्लामा सानाठूला गरेर तीन सय भन्दा बढी घुम्ती भेडीगोठ रहेका जनाउँदै ती बैंसीबाट लेक जान थालेका उहाँले बताउनुभयो । कार्यालयका अनुसार भुजुङ, सिउरुङ, घलेगाउँ, पसगाउँ, सिङ्दी, घनपोखरा, इलमपोखरी, दूधपोखरी, पाचोक, बन्सार, फलेनी, ढोडेनी, ताघ्रिङ, भुलभुलेलगायत ग्रामीण क्षेत्रमा भेडीगोठ छन् । हिमाली भेगहरूबाट चिसो छल्न बैंसी झरेका भेडीगोठ पुनः लेकतिर पुग्न थालेका छन् । विशेष गरी गुरुङ समुदायको पुर्खौली चलन तथा पेसाका रूपमा भेडीगोठलाई हेरिन्छ ।

भेडी गोठाला कमल अधिकारीले भन्नुभयो, "चिसो मौसममा बैंसी झारिएका भेडी गोठ पुनः लेकतर्फ लैजान थालेका छौं । केही समयमा हिमालको काखमा रहेको ठूले लेकमा पुग्ने छौं ।" उहाँले गर्मी यामको छ महिना लेक र चिसो यामको छ महिना बैंसीमा भेडीगोठ राख्ने गरिएको जानकारी दिनुभयो ।

लमजुङ दोर्दी गाउँपालिका-५ सिम्रुङका ५२ वर्षीय भेडी गोठाला दुरजङ गुरुङले चिसो छल्न बैंसी झारेका भेडीगोठ फागुन लागेसँगै लेकतर्फ लगेको भन्दै यतिबेला लमजुङ र गोरखाको सिमना चेपेखोलाको शिरमा पुगेका जानकारी दिनुभयो । बैंसीबाट भेडाबाख्रा चराउँदै श्रीमञ्जाङबाट ओखरी, साल्मे, सिम्रुङ हुँदै लेपेखर्कतर्फ लागेका छन् । उहाँका अनुसार भेडी गोठमा सानाठूला भेडा तथा बाख्रा गरेर आठ सयभन्दा बढी छन् । चिसो छल्न गाउँ आइपुगेका पसगाउँको भेडीगोठका बथान यतिबेला क्युबे-ल्हेदेतर्फ पुग्न थालेका स्थानीयको भनाइ छ । जिल्लाको उत्तरी ताघ्रिङका भेडीगोठ यतिबेला थुर्जुलेक खर्कतिर पुग्न थालेको छन् ।

लमजुङका भेडीगोठहरू लमजुङ, मनाङ र कास्कीको सिमाना दूधपोखरी नजिकै थुर्जु तथा लमजुङ हिमालको काखलगायत ठाउँसम्म पुग्ने गरेका भेडीगोठाला बताउँछन् । बैंसीमा रहेको बेलामा भेडीगोठबाट निस्किएको मल खेतबारीमा प्रयोग हुने बताउँदै पशु सेवा विज्ञ केन्द्रका निमित्त प्रमुख डा न्यौपानेले भेडाको ऊन निकालेर राडीपाखी, बख्खुलगायत सामग्री बनाइने जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लाभर २३ हजार भेडाबाख्रा छन् । वार्षिक १० हजार किलो ऊन निस्कने र ऊन प्रतिकिलो रु तीन सयमा बिक्री हुने न्यौपानेले जानकारी दिनुभयो । वार्षिक एक सय ६० मेट्रिक टन भेडाको मासु उत्पादन हुन्छ । मासु बिक्रीबाट रु आठ करोड आम्दानी हुने गरेको केन्द्रले जनाएको छ । वार्षिक घुम्ती भेडीगोठमा रहेका बाख्राको मासु एक सय २० मेट्रिक टन तथा घुम्ती र घरमा पालिएका बाख्रा गरी वार्षिक एक हजार २०० मेट्रिक टन मासु उत्पादन हुँदा रु ६० करोड आम्दानी हुँदै आएको केन्द्रका निमित्त प्रमुख डा न्यौपानेले जानकारी दिनुभयो ।

जिल्लामा वार्षिक रु ६० करोड आम्दानी हुँदै आए पनि पछिल्लो पुस्ताले बेवास्ता गर्दा परम्परागत रूपमा रहेको भेडीगोठ लोप हुने अवस्थामा पुग्न थालेको स्थानीय ज्येष्ठ नागरिक बताउँछन् ।

जिल्लामा अधिकांश गुरुङ समुदायका बस्तीमा अझै पनि भेडाको ऊनबाट विभिन्न सामग्री बनाएर बिक्री गर्ने तथा प्रयोग गर्ने प्रचलन कायम छ । यो पेसा विशेष गरी अग्रज पुस्तामा मात्र सीमित हुँदा परम्परागत परम्परा लोप हुने अवस्थामा पुगे उहाँहरूको गुनासो छ । यहाँ उत्पादित भेडाको ऊन र ऊनबाट बनाइएका विभिन्न सामग्रीको बजारमा उच्च माग रहेको छ ।

# एनटिभिए गण्डकीको शुभकामना आदानप्रदान एवम् क्यालेन्डर लोकार्पण

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख



नेपाल पर्यटक यातायात व्यवसायी संघ(एनटिभिए) गण्डकी प्रदेशले नयाँ वर्षको शुभकामना आदानप्रदान एवम् क्यालेन्डर लोकर्पण गरेको छ ।

एक कार्यक्रमका बीच प्रमुख अतिथि एवम् पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, एनटिभिए गण्डकीका अध्यक्ष दुर्गादत्त दाहाल, संस्थापक अध्यक्ष मदन शर्मा खनाल, पूर्व अध्यक्ष एवम् सल्लाहकार बोबरजंग गुरुङ, सल्लाहकार एवम् पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष सोमबहादुर थापा लगायतले क्यालेन्डर लोकार्पण गर्नुभएको हो ।

कार्यक्रममा प्रमुख अतिथि पोखरा पर्यटन परिषद्का अध्यक्ष पहारीले पर्यटन क्षेत्रका विभिन्न गतिविधिमा एनटिभिए गण्डकीसँग सहकार्य गर्दै अघि बढ्ने बताउनुभयो ।

एनटिभिए गण्डकीका अध्यक्ष दाहालले संस्थाले आफ्ना नियमित कार्यक्रम अन्तर्गत क्यालेन्डर प्रकाशन गरेको बताउँदै नयाँ वर्षले सबैमा खुसी, सुखी र समृद्धि हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो । संस्थापक अध्यक्ष खनालले नयाँ वर्ष सबैका लागि खुसी, सुखी, आर्थिक समृद्धि र दीर्घ जीवनका लागि महत्वपूर्ण बन्ने कामना गर्नुभयो । एनटिभिए गण्डकीका अध्यक्ष दाहालको सभापतित्व एवम् महासचिव विकासप्रसाद कंडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा क्यालेन्डर प्रकाशन एवम् संस्थाका सचिव श्याम लामिछानेले प्रकाशनका विविध पक्षबारे प्रकाश पार्नुभएको थियो । क्यालेन्डर प्रकाशन समितिका सदस्यमा शोभाखर तिवारी र आनन्दराज अधिकारी रहनुभएको थियो ।

# भानुमा प्रत्येक शनिबार हाटबजार सञ्चालन हुने

**पोखरापत्र संवाददाता**
तनहुँ, १० बैशाख

जिल्लाको भानु नगरपालिकाले यही वैशाख १३ गतेदेखि प्रत्येक साताको शनिबार हाटबजार सञ्चालन गर्न लागेको छ ।

'कृषि उत्पादन बढाऔँ, आत्मनिर्भर बनौँ, अर्गानिक उत्पादनमा जोड दिऔँ' भन्ने नाराका साथ कृषक तथा उपभोक्तालाई लक्षित गर्दै हाटबजार सञ्चालन गर्न लागिएको हो ।

हाटबजार बिहान ६ बजेदेखि ११ बजेसम्म सञ्चालन हुनेछ । भानु-२ नारेश्वरटारमा रहेको बिक्री केन्द्रमा आ-आफ्नो उत्पादन बिक्रीका लागि ल्याउन कृषि तथा पशुपंक्षी शाखाले सबैलाई अनुरोध गरेको छ । नगरले सञ्चालन गर्न लागेको हाटबजारले कृषकलाई उत्पादनमा प्रोत्साहन गर्नुका साथै स्थानीय उत्पादनको प्रवर्द्धन गर्दै आयआर्जन वृद्धि गर्ने अपेक्षा लिइएको नगरप्रमुख आनन्दराज त्रिपाठीले बताउनुभयो । उहाँले भन्नुभयो, "हाटबजारले कृषक र उपभोक्ताबीच पुलको काम गर्ने विश्वास लिएका छौँ, उपभोक्ताले रोजेको र चाहेको कृषिउपज सहज रूपमा खरिद गर्न सक्नेछन् ।" आवश्यकता अनुसार निश्चित अन्तरालमा हाटबजारलाई निरन्तरता दिने योजना बनाएको उहाँको भनाइ छ । कृषि उत्पादनको बजारीकरण, मूल्य स्थिरता तथा उपभोक्तालाई सहज पहुँचमासहित गुणस्तरीय सामग्री उपलब्ध गराउने उद्देश्य राखेर हाटबजार सञ्चालन गर्न लागिएको नगर उपप्रमुख उमा गोतामेले जानकारी दिनुभयो ।

सम्पूर्ण किसान, उपभोक्ता, व्यवसायी तथा सरोकार भएकालाई हाटबजारको भरपूर उपयोग गर्न, यसलाई थप व्यवस्थित बनाउँदै दीर्घकालीन रूपमा सञ्चालन गर्न आवश्यक सहयोग र सहकार्यका लागि कृषि तथा पशुपंक्षी शाखाले अनुरोध गरेको छ । यसैबीच, नगरपालिकाले उक्त स्थानमा हाटबजार सञ्चालनमा ल्याएपछि उपलब्धिमूलक भएमा भानु-९ को बाइसजँगारमा पनि हाटबजार सञ्चालन गर्ने तयारी गरेको छ ।

# विश्वका कूल हिउँचितुवामध्ये १० प्रतिशत नेपालमा

**भीष्मराज ओझा**
काठमाडौं, १० बैशाख/रासस



विश्वकै दुर्लभ अवस्थामा मानिएको हिउँचितुवाको नयाँ तथ्याङ्क सार्वजनिक गरिएको छ । अन्तरराष्ट्रिय प्रकृति संरक्षण सङ्घ (आइयुसिएन) का अनुसार नेपालमा हिउँचितुवाको सङ्ख्या तीन सय ९७ भएको पाइएको छ । विश्वको कूल दुई प्रतिशत हिउँ चितुवाको बासस्थान रहेको नेपालमा १० प्रतिशत हिउँ चितुवा भेटिएका आइयूसिएनको भनाइ छ । नेपालका उच्च हिमाली क्षेत्रको ३० हजार पाँच सय वर्गकिमी क्षेत्रफलमा यसको बासस्थान रहेको छ ।

अमेरिकामा रहेको 'स्नो लियोपार्ड ट्रष्ट' का अनुसार हाल विश्वको २० लाख किलोमिटर क्षेत्रमा तीन हजार २० देखि पाँच हजार तीन सय ९० को सङ्ख्यामा हिउँचितुवा रहेको अनुमान छ । हिउँ चितुवा बढी जसो नेपाल, चीन, अफगानिस्तान, भुटान, चीन, काजकिस्तान, कीर्गीस्तान, भारत, मङ्गोलिया, रसिया, पाकिस्तान, ताजकिस्तान र उज्वेकिस्तानलगायतका १२ वटा मुलुकमा पाइन्छन् ।

पछिल्लो समयमा नेपालसँगै भारत, मङ्गोलिया र भुटानले प्रविधि, अनुसन्धान र तथ्याङ्क विश्लेषण गरी हिउँ चितुवाको नयाँ र आधिकारिक तथ्याङ्क सार्वजनिक गर्दै आएका छन् ।

तथ्याङ्कअनुसार चीनमा कम्तीमा दुई हजारदेखि दुई हजार पाँच सय, मङ्गोलियामा नौ सय ५३, भारतमा सात सय १८, नेपालमा तीन सय ९७ र भुटानमा एक सय ३४ हिउँ चितुवा रहेको विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालका पर्वतीय कार्यक्रम प्रबन्धक सरिन श्रेष्ठले जानकारी दिनुभयो । वन तथा वातावरण मन्त्रालयअन्तर्गत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा भू-संरक्षण विभागको नेतृत्वमा कोषलगायत सङ्घसंस्थाको सहयोगमा विभिन्न तथ्याङ्क र अनुसन्धानको विश्लेषण र मूल्याङ्कन गरी सो तथ्याङ्क निकालिएको उहाँले बताउनुभयो । यस मूल्याङ्कनमा २०१५ देखि २०२४ सम्म सरकार, संरक्षण संस्थाहरू र अनुसन्धानकर्ताद्वारा नेतृत्व गरिएका विभिन्न अध्ययनबाट तथ्याङ्क निकालिएको हिउँ चितुवा विज्ञ शशाङ्क पौडेलले जानकारी दिनुभयो । यो तथ्याङ्क क्यामेरा ट्र्याप र दिशाको नमूनाहरूको आनुवंशिक विश्लेषणलगायत अत्याधुनिक प्रविधि प्रयोग गरी विभिन्न सात अध्ययन क्षेत्रहरूबाट हिउँ चितुवाको वितरण र जनसङ्ख्या घनत्वको तथ्याङ्क प्रयोग गरिएको उहाँले बताउनुभयो । यस मूल्याङ्कन उपलब्धिले हिउँ चितुवा र तिनीहरूको संवेदनशील पर्वतीय पारिस्थितिक प्रणालीको सुरक्षा गर्न मुलुकको प्रतिबद्धतालाई जोड दिन्छ । यो मूल्याङ्कन निकुञ्ज विभागका वरिष्ठ पारिस्थितिकीय विद्को नेतृत्वमा रहेको प्राविधिक टोलीद्वारा ग्लोबल स्नो लियोपार्ड एण्ड इकोसिस्टम प्रोटेक्सन प्रोग्रामको 'पपुलेसन एसेसमेन्ट अफ द वर्ल्डस् स्नो लियोपाड्र्स' निर्देशिकाअनुसार सञ्चालन गरिएको थियो । जसमा कोषलगायत व्यक्तिगत अनुसन्धानकर्ताहरू र संरक्षण संस्थाहरू सहभागी थिए ।

बासस्थान अतिक्रमणको चुनौती

विश्वका १२ देशमा मात्र पाइने हिउँचितुवा स्वच्छ हिमाली पर्यावरणको सूचक मानिन्छ । हिउँचितुवाको बासस्थानमध्ये झण्डै ६० प्रतिशत क्षेत्र निकुञ्ज बाहिर रहेको र त्यस्तो बासस्थान खण्डिकरण हुँदै गएकाले यसमा चुनौती थपिएको छ । साथै द्वन्द्वका कारण बद्लावको भावनाले केही व्यक्तिले पासो थाप्ने, आहारमा विष मिसाउने, भौगोलिक कठिनाइ, उचित प्रविधि, जनशक्ति र बजेटको कमीका कारण प्रभावकारी अनुगमन गर्न नसक्नुलगायत चुनौती छन् । हिउँचितुवा सामान्यतया समुद्री सतहबाट पाँच सय ४० देखि पाँच हजार मिटर उचाइमा पाइन्छन् । हिउँचितुवालाई आइयुसिएनले 'रेड लिस्ट' विश्वव्यापी जोखिमको रूपमा सूचीबद्ध गरेको छ । बिरालो प्रजातिको हिउँ चितुवाले आफ्नो लामो पुच्छरले शरीरलाई सन्तुलन गर्छ । तथ्याङ्कअनुसार नेपालको पूर्वको तुलनामा पश्चिममा बढी सङ्ख्यामा हिउँ चितुवा छन् त्यसमध्ये डोल्पा क्षेत्रमा हिउँ चितुवाको सङ्ख्या ९० रहेको छ । डब्लुडब्लुएफ नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले हिउँचितुवाको पछिल्लो तथ्याङ्क नेपालको संरक्षण यात्रामा एक ऐतिहासिक कदम भएको उल्लेख गर्दै यस तथ्याङ्कले हिउँ चितुवाको सङ्ख्याको स्पष्ट चित्र मात्र नभई भविष्यका संरक्षण रणनीतिलाई सूचीत गर्ने बताउनुभयो । साथै उहाँले यो नतिजाले सहभागीमूलक संरक्षणका लागि आधारको रूपमा काम गर्ने बताउँदै मूल्याङ्कनका निष्कर्षहरूले हिउँचितुवा पाइने क्षेत्रहरूमा तिनको दीर्घकालीन अस्तित्व सुनिश्चित गर्न परिष्कृत सुरक्षा उपायहरूको आवश्यकता पर्ने संरक्षण प्राथमिकताको उजागर गरेको अवगत गराउनुभयो । संरक्षणका लागि छ वर्षे कार्ययोजना

वन मन्त्रालयले हिउँचितुवाको संरक्षणलाई प्राथमिकतामा राखेर 'हिउँ चितुवा संरक्षण र कार्ययोजना (२०२४-२०३०)' तयार गरी कार्यान्वयनमा ल्याएको छ । कार्ययोजनाले संरक्षण प्रयासलाई मार्गदर्शन गर्न विभिन्न रणनीतिक लक्ष्य र उद्देश्य राखेको छ । कार्ययोजनामा हिउँचितुवाको संरक्षणका लागि बासस्थान र करिडोर सुधार गर्ने, समुदायको संलग्नतामार्फत मानव-हिउँ चितुवा द्वन्द्व कम गर्ने, प्रभावकारी कानुन कार्यान्वयनमार्फत चोरी सिकारी नियन्त्रण गर्ने र सीमापार, क्षेत्रीय, अन्तरराष्ट्रिय सहयोग र समर्थनलाई बलियो बनाउने लक्ष्य राखिएका छन् । छ वर्षसम्म यो कार्ययोजना कार्यान्वयन गर्न रु एक अर्ब ७७ करोड ९७ लाख खर्च गर्ने अनुमान गरिएको छ । योजनामा मानव-हिउँ चितुवा द्वन्द्वलाई कम गर्न समुदायको सहभागितामार्फत करिब ३५ प्रतिशत र वन्यजन्तु अपराध व्यवस्थापनका लागि करिब २६ प्रतिशत बजेट अनुमान गरेको छ । यद्यपि सबै रणनीतिमा, स्थानीय समुदाय र उनीहरूको नेतृत्वलाई साझेदारी, क्षमता निर्माण र संलग्न गर्न लगानी गरिने कार्ययोजनामा उल्लेख छ । हिउँचितुवा ठूला बिराला प्रजातिहरूमध्ये सबैभन्दा कम अध्ययन गरिएको क्षेत्रमध्ये पर्दछ । विश्व वन्यजन्तु कोषको सन् २०२१ को एक प्रकाशनअनुसार उक्त समयसम्म हिउँचितुवाको विश्वव्यापी क्षेत्रको लगभग २३ प्रतिशत मात्र व्यवस्थित रूपमा अध्ययन गरिएको छ । तीन प्रतिशतभन्दा कममा मात्र सर्‍यासम्बन्धी अनुभवजन्य तथ्याङ्क उपलब्ध छन् ।


## सदस्य पहिचान विवरण (KYM) अद्यावधिक गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना ।

"सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ) निवारण ऐन २०६४" दफा ७ (क), "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ) निवारण नियमावली २०८१" को नियम ४ र ५, नेपाल राष्ट्र बैंकद्वारा लघुवित्त वित्तीय संस्थाहरुलाई जारी "सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन", सहकारी विभागबाट जारी "सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ (संशोधन समेत)" को दफा ३, एवम् अन्य प्रचलित कानुन तथा नियम अनुसार सदस्य पहिचान विवरण (KYM) अद्यावधिक गर्न बाँकी सम्पूर्ण सदस्यहरुले आफ्नो सदस्य पहिचान विवरण (KYM) २०८२ जेठ मसान्तभित्र अद्यावधिक गर्न गराउन हुन अनुरोध सहित यो सूचना प्रकाशन गरिएको छ ।

**सदस्य पहिचान विवरण** (KYM) अद्यावधिक नगरेका सदस्यहरु मार्थि संस्थाले प्रचलित कानुन, नियम तथा निर्देशनको अधिनमा रही कारोबारमा रोक लगाउने जस्ता निर्णयहरु लिन सक्नेछ भन्ने व्यहोरा समेत यसै सूचना माफर्त जानकारी गराइन्छ ।

**सदस्य पहिचान विवरण** (KYM) अद्यावधिक सम्बन्धमा थप जानकारी तथा आवश्यक प्रक्रिया सम्बन्धी परामर्शको लागि यस संस्थाको नजिकैको कार्यालय (रानिपौवा ०६१-५७५३८२, लामाचौर ०६१-४४५२६६, सार्दिखोला ०६१-४२२०८०)मा सम्पर्क गर्न गराउन हुन समेत अनुरोध छ ।

**पुनश्चः–**

- संस्थामा मासिक बचत नगरेका सदस्यहरु एवं ऋण कारोबार नियमित नगरेका सदस्य एवं जमानकर्ता परिवारजनहरुलाई यथासम्भव छिटो संस्थामा सम्पर्क गरि कारोबार नियमित गरि असल सदस्यको पहिचान कायम गर्न गराउन हुन समेत सबैमा सूचित गरिन्छ ।
- कोरोना महामारी पश्चातको नकारात्मक आर्थिक चलायमानको कारण यहाँको पेशा व्यवसायमा परेको नकारात्मक असरको सप्रमाण संस्थाको ऋण चुक्ता भुक्तानी गरेमा जरिवाना एवं लाग्ने व्याजदरमा भारी छुट हुने भएकोले यथासम्भव छिटो संस्थामा सम्पर्क गरि सोको लाभ लिनहुन पनि सबैमा अनुरोध छ ।

जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.
Jayalaxmi Saving & Credit Co-operative Society Ltd.